# प्रदेश सभा
# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः५८**

**मितिः२०८१।१२।२९**

## छलफल तथा निर्णय

**निर्णय १**

आजको बैठकमा राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख प्रकाशदत्त भट्टले सुदूरपश्चिम प्रदेशमा मानव अधिकारका सवाल र नेपालको मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था समेटी प्रस्तुत गरेको वस्तुस्थितिका सम्बन्धमा समितिलाई जानकारी गराएपश्चात प्रस्तुत व्यहोरा लिखित रुपमा समितिमा उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय २**

सामाजिक विकास समितिका तर्फबाट मिति २०८१।१०।२८ गतेदेखि मिति २०८१।११।०३ सम्म कैलाली, कञ्चनपुर र डडेल्धुराका विभिन्न स्थानहरुमा निर्माण सम्पन्न भएका र निर्माणाधीन अवस्थामा रहेका शीत भण्डार (Cold Store) हरुको अनुगमन, अवलोकन र निरिक्षण गरिएको व्यहोरा सभापतिबाट प्रस्तुत भएपश्चात तत्सम्बन्धमा मन्त्रालयबाट भएको कामकारवाहीका सम्बन्धमा भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव यज्ञराज जोशीले प्रचलित कानुन बमोजिम कारवाहीको प्रक्रिया थालनी गरेको लगायतका विषयहरु प्रस्तुत गरे लगत्तै उक्त विषयवस्तुका सम्बन्धमा समितिका माननीय सदस्य शिवराज भट्ट, माननीय जानकी देवी कुँवर, माननीय खुशिराम डगौरा थारु, माननीय तुलसी देवकोटा र माननीय कैलाश चौधरीले आफ्नो धारणा तथा जिज्ञासा राख्नुभएको थियो। तत्पश्चात समितिका माननीय सदस्यहरुबाट उठाईएका जिज्ञासा र प्रश्नहरुका सम्बन्धमा जवाफ दिनका लागि माननीय सभापतिबाट समय उपलब्ध भएपछि भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव यज्ञराज जोशीले जवाफ दिनुभयो। अन्तमा माननीय मन्त्री विर बहादुर थापाज्यूले समितिमा उठेका जिज्ञासालाई थप स्पष्ट पार्नु भयो। मन्त्रालयले बैठकमा पेश गरे बमोजिम निर्माण व्यवसायीलाई कालोसुचीमा राखेको कागाजातहरु तथा अन्य व्यहोरा लिखित रुपमा समितिमा उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो।

**निर्णय ३**

मन्त्रालयले चालु आ.व ०८१।०८२ मा प्रत्यायोजित विधायन अन्तर्गत बनाएका कानूनहरु सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १३३ को उपनियम (१) बमोजिमको अवधीभित्र अनिवार्य रुपमा समितिलाई उपलब्ध गराउने व्यवस्थाका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय ४**

समितिको आजको बैठकमा औचित्यता र सान्दर्भिकताका आधारमा समितिका माननीय सदस्यहरुबाट प्राप्त रचनात्मक सुझाव सहित समावेश गरी तयार गरिएको सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित भयो र नियमानुसार समितिको यो वार्षिक प्रतिवेदन सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय ५**

अर्को सुचना नभएसम्मका लागि समितिको आजको बैठक स्थगित भयो।